सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २४२ ♦ २०८३ साल वैशाख २६ शनिवार ♦ 9 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## सुकुम्बासी हटाउने सूचनाविरुद्ध महेन्द्रनगरमा आन्दोलन, जनकपुर-ढल्केवर सडक अवरुद्ध

**खबर दर्पण समाचारदाता**

**वैशाख २५ गते, जनकपुरधाम**

धनुषाको क्षीरेश्वरनाथ नगर पालिकाले सार्वजनिक तथा सरकारी जग्गामा रहेका अव्यवस्थित बस्ती हटाउने सूचना जारी गरेपछि प्रभावित स्थानीयवासी आन्दोलनमा उत्रिएका छन्।

आन्दोलनकारीले शुक्रबार बिहान जनकपुर-ढल्केवर सडकखण्ड अवरुद्ध गर्दै विरोध प्रदर्शन गरे पछि सुरक्षाकर्मीहरुले हस्तक्षेप गरी सडक खुलाको थियो। सडक अवरुद्ध हुँदा सवारी आवागमन प्रभावित पछि सुरक्षाकर्मीहरुले अवरोध हटाएर सडक खुलाको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रमुख राजाराम यादवले जानकारी दिनुभयो।

क्षीरेश्वरनाथ नगरपालिकाले गत सोमबार सूचना जारी गर्दै नेपाल सरकार गृह मन्त्रालयको २०८३ वैशाख १६ गतेको पत्रअनुसार नगरपालिका क्षेत्रभित्र वडा नं १ देखि १० सम्म रहेका अतिक्रमित, अव्यवस्थित तथा जोखिमयुक्त सरकारी र सार्वजनिक जग्गामा निर्माण गरिएका घरटहरा तथा अन्य संरचना सात दिनभित्र खाली गर्न आग्रह गरेको थियो।

नगरपालिकाले तोकिएको



अवधिभित्र अतिक्रमित क्षेत्र खाली नगरे सुरक्षाकर्मीको सहयोगमा हटाइने चेतावनीसमेत दिएको छ। सूचनापछि प्रभावित स्थानीयवासीले वैकल्पिक बसोबासको व्यवस्था नगरी हटाउन खोजिएको भन्दै आन्दोलन थालेका हुन्।

## स्कारपियोको ठक्कर बाट स्कुटी चालक महिलाको मृत्यु



**खबर दर्पण समाचारदाता**

**वैशाख २५ गते, जनकपुरधाम**

ढल्केबर-जनकपुर खडक खण्ड अन्तर्गत धनुषाको लक्ष्मिनिया गाउँपालिका-४, सपहीचोकमा ढल्केबर-जनकपुर सडक खण्ड अन्तर्गत धनुषाको लक्ष्मिनिया गाउँपालिका-४ स्थित सपहीचोकमा स्कारपियो गाडीको ठक्करबाट स्कुटी चालक एक महिलाको मृत्यु भएको छ।

शुक्रबार ढल्केबरबाट जनकपुर तर्फ जाँदै गरेको बा.प्र. ०१-०३१ च. ९०६३ नम्बरको स्कारपियोले परीक्षणकालमा रहेको विद्युतीय स्कुटीलाई ठक्कर दिएको प्रहरीले जनाएको छ। दुर्घटनामा स्थानीय ३० वर्षीया पुनम साह गम्भीर घाइते भएकी थिइन्। उनलाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएकोमा चिकित्सकले बाटो मै उनको मृत्यु भइसकेको घोषणा गरेका हुन्। मृतकको शव पोस्टमार्टमका लागि सोही अस्पतालमा राखिएको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक राजाराम यादवका अनुसार प्रहरीले स्कारपियो चालक विराटनगर महानगरपालिका-७ निवासी ५२ वर्षीय नरेश राठीलाई नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइ रहेको प्रहरीले जनाएको छ।

## सुकुमवासी बस्ती खाली नगराउन सर्वोच्चको अन्तरिम आदेश

**खबर दर्पण समाचारदाता**

**वैशाख २५ गते, बर्दिवास**

सर्वोच्च अदालतले काठमाडौंका विभिन्न नदी किनार र सार्वजनिक स्थानमा बनाइएका बस्ती खाली नगर्न भन्दै अन्तरिम आदेश जारी गरेको छ।

सर्वोच्चका न्यायाधीशद्वय कुमार रेग्मी र नित्यानन्द पाण्डेको संयुक्त इजलासले बस्ती खाली गर्ने विरुद्ध परेको रिटमा अन्तरिम आदेश जारी गरेको हो।

गोपाल रन पहलीसमेत ११ जनाले यही वैशाख ११ गते सुकुमवासी बस्ती खाली गर्न लागिएको विरूद्ध रिट निवेदन दर्ता गरेका थिए।

काठमाडौंका नदी किनाराका सुकुमवासी बस्ती खाली गर्न जिल्ला प्रशासन कार्यालय र काठमाडौं महानगरपालिकाले सूचना जारी गरेको विरूद्ध रिट निवेदन दायर भएको थियो।

अन्तरिम आदेशमा भनिएको छ, 'सुकुमवासी र अव्यवस्थित बसोबासीहरूलाई निजहरू बसोवास गरिरहेको स्थानबाट विस्थापन गरी अन्यन्त्र व्यवस्थापन गर्ने सम्बन्धमा कानुनको उचित प्रक्रिया अवलम्बन नगरी निजहरूको बासस्थानबाट हटाउँदा, शिक्षा, स्वास्थ्य, आवास लगायतका हकमा हुन जाने अपूरणीय क्षति

*बाँकी पृष्ठ ३ मा*

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष साप्ताहिक खबरपत्रिका | शिरीष न्युज | Radio Rupantaran १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# विदेशबाट फर्किएर कृषिमा चम्किए रामध्यानः दर्जनौं युवालाई रोजगारी

अजयकुमार साह
**वैशाख २५ गते, बर्दिवास**



महोत्तरी जिल्लामा वैदेशिक रोजगारीप्रति युवाको आकर्षण बढिरहेका बेला एक युवा कृषकले स्वदेशमै मेहनत र लगानी गरेर सफल बन्न सकिने उदाहरण प्रस्तुत गरेका छन्। महोत्तरीको सम्सी गाउँपालिका-५, गाढाका रामध्यान मण्डल अहिले व्यावसायिक कृषि क्षेत्रमा सफल कृषकका रूपमा परिचित बनेका छन्। उनले कृषि पेसामार्फत आर्थिक अवस्था मात्र सुधार गरेका छैनन्, अन्य युवालाई पनि स्वदेशमै केही गर्न प्रेरित गरिरहेका छन्।

रामध्यान मण्डलले महोत्तरीको रामगोपालपुर नगरपालिका-स्थित लक्ष्मीपुर क्षेत्रमा वर्षौंदेखि बाँझो रहेको जमिनलाई उत्पादनशील बनाउँदै तरबुजा खेती सुरु गरेका हुन्। उनले माध्यमिक विद्यालय बसपिट्टीको २२ बिघा जमिन वार्षिक ६ लाख ५० हजार रुपैयाँमा लिजमा लिएर खेती थालेका छन्। त्यसमध्ये करिब ७ बिघा जमिनमा तरबुजा खेती गरिएको छ। यस खेतीमा हालसम्म करिब १४ लाख रुपैयाँ लगानी भइसकेको मण्डल बताउँछन्।

उनका अनुसार पहिलो चरणमै ३ लाख ५० हजार रुपैयाँ बराबर को तरबुजा बिक्री भइसकेको छ भने यस सिजनमा करिब २५ लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखिएको छ। अहिले उनी खेतमा तरबुजाको स्याहार-सुसारदेखि बजारसम्म पुऱ्याउने काममा व्यस्त छन्। उनले उत्पादन गरेको तरबुजा जनकपुर, ढल्केवर, बर्दिबास लगायतका बजारमा बिक्री भइरहेको छ र उपभोक्ताबाट राम्रो माग आएको छ।

मण्डलले विगत ६ वर्षदेखि "वैष्णोदेवी कृषि फर्म" सञ्चालन गर्दै आएका छन्। यसमार्फत उनले सम्सी गाउँपालिका र रामगोपालपुर नगरपालिकामा गरी ५४ बिघा जमिनमा फलफूल, तरकारी, माछापालन र कुखुरापालन गरिरहेका छन्। उनको कृषि व्यवसायमा अहिले १६-१७ जनाले रोजगारीसमेत पाएका छन्।

यद्यपि कृषि क्षेत्रमा अवसरसँगै चुनौती पनि रहेको मण्डल बताउँछन्।



खेतमा लगाइएको बाली चोरी हुने, निलगाई लगायतका जंगली जनावरले क्षति पुऱ्याउने तथा पर्याप्त सुरक्षाको अभाव मुख्य समस्या रहेको उनको भनाइ छ। त्यस्तै सिँचाइका लागि आवश्यक पानी र विद्युतको सहज पहुँच नहुँदा खेती गर्न कठिनाइ हुने गरेको उनले बताए। सिँचाइको समस्या समाधान गर्न उनले दमकल प्रयोग गर्दै आएका छन्।

मण्डलका अनुसार सरकारले किसानलाई समयमै मल, बिउ, पानी र विद्युत उपलब्ध गराए कृषि क्षेत्रबाट अझ राम्रो आम्दानी लिन सकिन्छ। उनले स्थानीय सरकारको प्रभावकारी सहयोग अभावका कारण धेरै किसान खेतीप्रति आकर्षित हुन नसकेको बताए।

तरबुजा खेतीबारे जानकारी दिँदै मण्डलले पुसदेखि माघसम्मको समय उपयुक्त हुने बताए। उनले यसपालि भारतको मद्रासबाट बिरुवा ल्याएर माघ महिनामा रोपेका थिए। रोपेको करिब ७० दिनमा फल लाग्न सुरु हुने र ९० दिनभित्र बजारमा पठाउन सकिने उनले बताए। गर्मीयाममा माग बढी हुने भएकाले तरबुजा खेती लाभदायक बनेको उनको अनुभव छ।

सन् २०१५ मा वैदेशिक रोजगारीका लागि विदेश गएका मण्डल १३ महिनामै स्वदेश फर्किएका थिए। विदेशको दुःख, परिवारबाट टाढा बस्नुपरेको पीडा र कठिन श्रमपछि उनले आफ्नै देशमा केही गर्ने सोच बनाए। त्यसपछि कृषि क्षेत्रमा लगानी गर्दै आज सफल कृषक बन्न सफल भएका छन्।

उनको सफलताबाट प्रभावित भएर धेरै युवा कृषि पेसातर्फ आकर्षित हुन थालेका छन्। विभिन्न स्थानीय युवाले माछापालन, तरकारी, केरा र तरबुजा खेती सुरु गरेका छन्। मण्डलको भनाइमा सरकार ले कृषि क्षेत्रमा आवश्यक पूर्वाधार र सहयोग उपलब्ध गराए हजारौं युवा विदेशिनुपर्ने बाध्यता अन्त्य हुन सक्छ। आफ्नै देशमा मेहनत गरेर सम्मानपूर्वक जीवनयापन गर्न सकिने उनको विश्वास छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# रासायनिक मललाई प्रतिस्थापन गर्दै गँड्यौला मल

**खबर दर्पण समाचारदाता**

**वैशाख २५ गते, बर्दिवास**

धनगढीमाई नगरपालिका-१० दनुवारी टोलकी अनिता महतोलाई अचेल रासायनिक मलको खोजीमा सहकारी र बजारतिर भौतारिनु पर्दैन। विगत छ महिनादेखि उनले आफ्नो खेतमा रासायनिक मलको सट्टा 'गँड्यौला मल' प्रयोग गर्न थालेकी हुन्।

अनिताले अहिले करिब पाँच कट्ठा जमिनमा विभिन्न प्रकारका तरकारी खेती गरिरहेकी छिन्। गँड्यौला मलको प्रयोगबाट उत्पादन निकै सन्तोषजनक भएको उनको अनुभव छ। "जबदेखि गँड्यौला मल सुरु गरेँ, रासायनिक मलको खोजीमा दौडिनुपरेको छैन", उनले खुसी हुँदै भनिन्, "यसले चिस्यान बढाउनुका साथै अर्ग्यानिक तरकारी उत्पादनमा पनि ठुलो सहयोग पुऱ्याएको छ। माटोको उर्वराशक्ति पनि बढाउँदो रहेछ।"

अनितामात्र होइन, सोही टोलकी सुगन्धादेवी सिंहले पनि गँड्यौला मलकै प्रयोगबाट खेतीपाती गरिरहेकी छिन्। यो टोलका ११ घरपरिवारले 'महारानी महिला कृषक समूह' गठन गरी व्यावसायिक रूपमा गँड्यौला मल उत्पादन गरिरहेका छन्। कुल २६ जना सदस्य रहेको यस समूहका अन्य १२ घरपरिवारले गोठ सुधार गरी कम्पोस्ट मल उत्पादन गरिरहेका छन्। समूहकी कोषाध्यक्ष उर्मिला महतोका अनुसार बिस्तारै वडाभरिका किसान गँड्यौला र कम्पोस्ट मलतर्फ आकर्षित हुँदै गएका छन्।

उर्मिलाका अनुसार गाई भैँसीको मलमूत्र र सड्ने झारपातलाई सङ्कलन गरी त्यसमा गँड्यौला छाडिन्छ। गँड्यौलाले ती वस्तुलाई आहाराका रूपमा खान्छन् र उनीहरूको दिसा नै मलका रूपमा प्रयोग गरिन्छ। यो मलले माटोलाई चिस्यानयुक्त बनाइराख्न मद्दत गर्छ, जुन जलवायुमैत्री कृषिका लागि उपयुक्त मानिन्छ।

किसानलाई आधुनिक र जलवायु उत्थानशील पद्धतिमा आबद्ध गराउन लहानस्थित 'राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल'ले 'जलवायुमैत्री गाउँ परियोजना'मार्फत सक्रिय भूमिका खेलिरहेको छ। 'केयर नेपाल'को आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित यस परियोजनाले कृषक पाठशाला सञ्चालन गर्नेदेखि आवश्यक कृषि सामग्री उपलब्ध गराउनेसम्मका कार्य गर्दै आएको छ।

परियोजनाका फिल्ड सुपरीवेक्षक रविन साहका अनुसार धनगढीमाई नगरपालिकाको वडा नं १४ बाहेकका अन्य सबै वडामा महिला कृषक समूह गठन गरी विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन्। यसअन्तर्गत गोठ सुधार, गँड्यौला मल उत्पादन, बोरिङ तथा फोहोरा सिँचाइ जडान, झोल मल, जैविक मल, आधुनिक चुलो प्रवर्द्धन र जलवायुमैत्री बीउबिजन वितरणजस्ता कार्यहरू प्रभावकारी रूपमा अघि बढाइएको साहले जानकारी दिए।

परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत ईश्वर थापाका अनुसार यो कार्यक्रम यहाँका धनगढीमाई नगरपालिका, लक्ष्मीपुर पतारी, भगवानपुर र सखुवानन्कारकट्टी गाउँपालिका गरी चार स्थानीय तह तथा सप्तरीका रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा सञ्चालित छ। उनका अनुसार ७० प्रतिशत संस्थाको र ३० प्रतिशत किसानको लागत साझेदारीमा सञ्चालित यो कार्यक्रमले किसानमा अपनत्वको बोध गराएको छ।

थापाले भने, "मधेस प्रदेशमा हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्दै लैङ्गिक उत्तरदायी र जलवायु उत्थानशील कृषक समुदायको विकास गर्नु हाम्रो मुख्य उद्देश्य हो। यस अभियानले विशेष गरी कृषिमा महिलाको कार्य बोझ कम गर्दै उनीहरूको क्षमता अभिवृद्धिमा प्रत्यक्ष सहयोग पुऱ्याउने लक्ष्य राखेको छ। साथै, माटोमा कार्बन सञ्चिति बढाएर उत्पादकत्व सुधार गर्ने र जलवायु परिवर्तनका चुनौतीलाई सामना गर्न सक्ने गरी किसानलाई सक्षम बनाउन हामी केन्द्रित छौँ।"

जलवायुमैत्री कृषिको महत्त्व बढ्दै जाँदा सरकारले पनि यसलाई विशेष प्राथमिकता दिएको छ। सरकारको 'शासकीय सुधारका १०० कार्यसूची'मा समेत माटोमा कार्बन बढाउने विषय समेटिएको छ। विज्ञहरूका अनुसार माटोमा कार्बन बढ्दा पोषकतत्वको चुहावट कम हुने र बिरुवाको जराको फैलावट राम्रो हुने गर्छ। थोरै समयमा नाफा खोज्नेहरूका लागि यो पद्धति ढिलो लागे पनि माटोको दीर्घकालीन स्वास्थ्य र विषादीरहित उत्पादनका लागि गँड्यौला मल अहिलेको उत्तम विकल्प साबित भएको छ।-रासस


# सुकुमवासी बस्ती खाली नगराउन ....

एवं उत्पन्न हुन सक्ने मानवीय संकट समेतलाई दृष्टिगत गरी सो सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्रुको मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी कार्य सूचीको बुँदा नम्बर ९१ मा उल्लेखित मापदण्ड एवं प्रक्रिया र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नम्बर ४१२ मिति २०८३/०१/१७ को सबै नगरपालिका र गाउँपालिकाको नाउँमा जारी परिपत्र एवं गृहमन्त्रालयको चलानी नम्बर ६५० मिति २०८३/०१/१७ को पत्रबाट निर्दिष्ट चरणबद्ध प्रक्रिया अवलम्बन नगरी सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई जबरजस्ती बस्तीबाट हटाउने वा विस्थिपत गर्ने कार्य नगर्न नगराउन्।'

यसैगरी विस्थापित सुकुमवासी एवं अव्यवस्थित बसोवासीहरूको हकमा निजहरूको आवास, शिक्षा, स्वास्थ्य, खाद्यान्न समेतको आधारभूत आवश्यकता उपलब्ध गर्ने गराउने थप प्रभावकारी कार्य गर्ने गराउनु भनी सर्वोच्च अदालत नियममावली २०७४ को नियम ४९ बमोजिम प्रस्तुत निवेदनको टुंगो नलागेसम्मका लागि विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी भएको छ।

राष्ट्रिय मानव अधिकारी आयोगले समेत विस्थापित एवं अव्यवस्थित बसोवासीहरू समस्यामा रहेको भनी औंल्याएको अवस्थामा विस्थापित उनीहरूको आवास, शिक्षा, स्वास्थ्य, खाद्यान्न समेतको आधारभूत आवश्यकता उपलब्ध गर्ने गराउने थप प्रभावकारी व्यवस्था मिलाउन आदेशमा भनिएको छ।

रिट निवेदनमा काठमाडौं उपत्यका तथा देशभरिका नदी किनार वा जुनसुकै स्थानका सुकुम्वासी बस्तीका भूमिहीन परिवारको पहिचान, प्रमाणीकरण र वैकल्पिक व्यवस्था नगरी कुनै पनि परिवारलाई हटाउने, उठाउने, विस्थापित गर्ने वा कुनै पनि किसिमको जबरजस्ती कारबाही नगर्नू, नगराउनु भनी माग गरिएको थियो।




मटिहानी नगरपालिका,
महोत्तरी

पालिकाको स्थानीयलाई अनुरोध



–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौ।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।



–विवाहको सूचना पति र पत्नी दुवैले दिनु पर्छ।
–सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



–जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

रामगोपालपुर नगरपालिका,
महोत्तरी

कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं। यसले हाम्रो परिवारमात्रै पालिदै आएको छ। तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ। त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं। खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन। यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

गौशाला नगरपालिका,
महोत्तरी

# नीति तथा कार्यक्रम २८ वैशाखमा, राष्ट्रपतिले सम्बोधन गर्ने

खबर दर्पण समाचारदाता
वैशाख २६ गते, बर्दिवास



सरकारले नीति तथा कार्यक्रम २८ वैशाखमा पेस गर्ने भएको छ।

शुक्रवार बसेको मन्त्रिपरिषद् बैठकले २८ वैशाखमा बजेट अधिवेशन प्रारम्भ भएकै दिन राष्ट्रपतिमार्फत नीति तथा कार्यक्रम वाचन तथा संसदमा टेबुल गर्ने निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए।

संघीय संसद्का दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपतिको सम्बोधन तथा नीति तथा कार्यक्रम वाचन हुने व्यवस्था छ।

'राष्ट्रपतिज्यू समक्ष संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई वैशाख २८ गते सोमबार दिनको ४ बजे सम्बोधन हुन र त्यसका लागि संघीय संसदका सदस्य उपस्थित आह्वान गर्न अनुरोध गर्ने' मन्त्रिपरिषद् निर्णय सुनाउँदै पोखरेलले भने।

# जनकपुरधाममा स्मार्ट लाइसेन्स वितरण सुरु, पुरानो लाइसेन्स वा रसिद अनिवार्य

खबर दर्पण समाचारदाता
वैशाख २६ गते, बर्दिवास

यातायात व्यवस्था कार्यालय जनकपुरधामले करिब २४ हजार स्मार्ट सवारी चालक अनुमति पत्र (लाइसेन्स) कार्यालयमा प्राप्त भएको जनाएको छ।

कार्यालयले शुक्रबार सूचना जारी गर्दै नयाँ, थप श्रेणी तथा नवीकरण गरिएका लाइसेन्स छपाइ भएर आइसकेकाले सम्बन्धित सेवाग्राहीलाई कार्यालयको आधिकारिक फेसबुक पेजमा आफ्नो नाम सुनिश्चित गरेपछि मात्रै लाइसेन्स लिन आउन आग्रह गरेको हो।

कार्यालयका अनुसार लाइसेन्स वितरण कार्य बिहान ९:३० बजेदेखि बेलुका ३ बजेसम्म मात्र सञ्चालन हुनेछ।

भीड व्यवस्थापन तथा सेवाग्राहीको सहजताका लागि फेसबुकमार्फत नाम प्रकाशित गरिने व्यवस्था गरिएको कार्यालयले जनाएको छ।

लाइसेन्स लिन आउँदा सम्बन्धित व्यक्तिले पुरानो सक्कल लाइसेन्स वा सक्कल रसिद अनिवार्य रूपमा साथमा ल्याउनुपर्ने सूचनामा उल्लेख छ।

पुरानो लाइसेन्स वा रसिद हराएको अवस्थामा भने ट्राफिक कार्यालयको सिफारिस पत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

कार्यालयले आवश्यक कागजात बिना सेवा उपलब्ध गराउन नसकिने भन्दै सेवाग्राहीलाई निर्धारित प्रक्रिया पालना गर्न अनुरोध गरेको छ।


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं। यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ। तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ। त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं। खेतीयोग्य जमिन बाँझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन। यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

**औरही नगरपालिका, महोत्तरी**

छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुर्याउँछिन्।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

"छोरी पढे, देश बढे"
"छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा"
"छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं"
"बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं"

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो। आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ।"

**मिथिला नगरपालिका, धनुषा**

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,